माछापुच्छ्रे गाउँपालिका गाउँसभाको उन्नाइसौ गाउँसभा अधिवेशनमा गाउँपालिका उपाध्यक्ष श्री सीता अधिकारीद्वारा प्रस्तुत आर्थिक वर्ष २०८३।८४ को

# बजेट वक्तव्य

माछापुच्छ्रे गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लाहाचोक कास्की

मिति २०८३ साल असार १० गते बुधबार

# माछापुच्छ्रे गाउँपालिका, लाहाचोक, कास्कीको
# आर्थिक वर्ष २०८३/८४ को
# बजेट वक्तव्य

श्रद्धेय गाउँ सभाका अध्यक्षज्यू, गाउँसभा सदस्यज्यूहरु, सभाका सचिवज्यू, उपस्थित सम्पूर्ण कर्मचारीहरु, सञ्चारकर्मी मित्रहरु, सञ्चारमाध्यममार्फत जोडिनुभएका सम्पूर्ण बुबा आमा दाजुभाई दिदिबहिनी तथा सम्पूर्ण महानुभावहरु।

माछापुच्छ्रे गाउँपालिकाको उपाध्यक्ष एवं बजेट तथा कार्यक्रम तर्जुमा समितिको संयोजकको हैसियतले म यस उन्नाइसौ सम्मानित गाउँ सभामा आगामी आर्थिक वर्ष २०८३/८४ को वार्षिक बजेट प्रस्तुत गर्न उपस्थित भएको छु।

यस अवसरमा सर्वप्रथम मुलुकको सार्वभौमसत्ता, स्वाधिनता, भौगोलिक अखण्डता, राष्ट्रिय हित स्वाभिमान, लोकतन्त्र तथा सामाजिक न्याय र परिवर्तनका लागि भएका विभिन्न आन्दोलनहरुमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरुप्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु। साथै, सबै प्रकारका परिवर्तनको आन्दोलनहरुको नेतृत्व गर्नुहुने अग्रजहरुप्रति हार्दिक सम्मान व्यक्त गर्दै २०८२ भाद्र २३ र २४ को जेन्जी आन्दोलनमा मृतक परिवारजनमा समवेदना प्रकट गर्नुका साथै घाइतेहरुको शीघ्र स्वास्थ्य लाभको कामना गर्न चाहन्छु।

नेपालको संविधानमा उल्लेखित राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरु संघ र प्रदेश सरकारका नीति तथा कार्यक्रम, गाउँपालिकाको प्रथम आवधिक योजना, दीगो विकासका लक्ष्य, संघीय, प्रादेशिक तथा स्थानीय ऐन, कानून र कार्यविधिहरुबाट निर्देशित हुँदै यसै सम्मानित गाउँसभाबाट स्वीकृत गाउँ सरकारको आ.व २०८३/८४ को नीति तथा कार्यक्रमलाई कार्यान्वयन गर्ने गरी नीति तथा कार्यक्रमको उद्धेश्य "समृद्ध गाउँपालिका:सुखी नागरिक" को मुल मर्मलाई आत्मसात गर्दै बजेट तर्जुमा गरेको छु। यसै गरी राजनैतिक

दलहरुका सुझाव, विगतको अनुभव, निजी क्षेत्र, सहकारी क्षेत्र, नागरिक समाज, टोल विकास संस्था, बुद्धिजिवी, सरोकारवाला निकाय, सञ्चारकर्मी लगायतबाट प्राप्त राय, परामर्श, रचानात्मक सुझावहरु समेतलाई समेट्दै आगामी आर्थिक वर्ष २०८३।८४ को अनुमानित आय व्ययको विवरण प्रस्तुत गरेको छु।

यो बजेटमा माछापुच्छ्रेबासीको तीव्र विकासको उत्कृट चाहनालाई आत्मसाथ गरी सबै क्षेत्रको समतामूलक विकासलाई दृष्टिगत गर्दै तयार पारिएको छ। माछापुच्छ्रे गाउँका आधारभुत विशेषता र स्थापित मुल्य मान्यतालाई आत्मसाथ गर्दै यस क्षेत्रलाई थप उचाइमा पुर्याउने गरी ल्याइएको यस बजेटले माछापुच्छ्रे गाउँपालिका भित्रका बहुआयामिक पक्षहरुलाई सम्बोधन गर्ने प्रयत्न गरेको छ।

वित्तीय संघीयता अनुरुप विभिन्न तह र निकायहरुबाट प्राप्त हुने अनुदान र राजस्वलाई प्राथमिकीकरण गरी बजेटका प्राथमिकता र उद्देश्य हासिल हुने गरी योजना र कार्यक्रमहरु तय गरको छु। प्रस्तावित योजना तथा कार्यक्रमहरुबाट शैक्षिक क्षेत्रको सर्वाङ्गीण विकास, भौतिक पूर्वाधार र दिगो विकास, कृषि उत्पादन तथा उत्पादकत्व वृद्धि, गरिवी न्यूनीकरण र रोजगारी तथा स्वरोजगारका अवसरमा वृद्धि गर्दै समग्र गाउँको सन्तुलित र समन्यायिक विकास हासिल हुने अपेक्षा गरेको छु ।

उपर्युक्त नीति र व्यवस्थित योजनाको साथ अगाडी बढ्न सक्दा यस गाउँपालिकाको समग्र विकास, समृद्धि तथा सामाजिक न्यायको मार्गमा अघि बढ्न सकिन्छ भन्नेमा हामी विश्वस्त रहेका छौ ।

श्रद्धेय सभाध्यक्षज्यू,

गाउँ सभा सदस्यज्यूहरु,

अब म आगामी आर्थिक वर्ष २०८३।८४ को बजेटको उदेश्य र प्राथमिकता प्रस्तुत गर्दछु। बजेटका उदेश्यहरु देहाय बमोजिम रहेका छन्।

१. दिगो आर्थिक विकास, पर्यटन प्रबर्द्धन, रोजगारी सिर्जना र आयआर्जनमा वृद्धि

२. कृषिको आधुनिकीकरण, व्यवसायीकरण र सहज बजारीकरण तथा सहज आपुर्ति श्रृखला
३. शिक्षा, स्वास्थ्य, खानेपानी, सरसफाई सेवा गुणस्तर अभिवृद्धि गर्दै सहज र सुलभ सार्वजनिक सेवाको सुनिश्चितता,
४. महिला, दलित, जनजाति, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा विपन्न वर्गको पहुँच सुनिश्चित गर्दै समावेशी र न्यायपूर्ण समाजको स्थापना
५. पारदर्शिता, जवाफदेहिता र परिमाणमूखी खर्च प्रणाली स्थापना गर्दै सुशासनको प्रवर्द्धन।

आगामी आर्थिक वर्षको बजेटका प्राथमिकताहरु देहाय बमोजिम निर्धारण गरेको छु।

१. शिक्षा, स्वास्थ्य, कृषि र पर्यटन क्षेत्रको परिमाणात्मक र गुणात्मक अभिवृद्धि गर्ने,
२. प्रतिफलयुक्त गुणस्तरीय भौतिक पूर्वाधार लगानी गर्ने, उद्यमशीलता, रोजगारी, उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्ने,
३. वातावरण संरक्षण, विपद् व्यवस्थापन तथा जलवायु परिवर्तनका जोखिम पहिचान तथा न्यूनीकरण गर्ने,
४. सामाजिक क्षेत्रमा गुणात्मक सुधार, समन्यायिक विकास र विकासका प्रतिफलमा न्यायपूर्ण पहुंच कायम गर्दै समतामूलक समाजको विकास गर्ने,
५. गुणस्तरीय सार्वजनिक सेवा र सुशासन प्रवर्द्धन गर्ने ।

श्रद्धेय सभाध्यक्षज्यू,
गाउँ सभा सदस्यज्यूहरु,
अव म चालु आर्थिक वर्ष २०८३।८४ को हालसम्मको आय र व्ययको संक्षिप्त विवरण प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

१. चालु आर्थिक वर्ष २०८२/८३ को संसोधित कूल बजेट रु ६८ करोड २७ लाख ३१ हजार रहेकोमा जेठ मसान्तसम्मको वास्तविक आय रु ५९ करोड ४० लाख ७० हजार ५ सय ७ रुपैया अर्थात अनुमानित आयको ८७.०१ प्रतिशत रहेको

छ। जसमध्ये चालु खर्च ७२.७९ प्रतिशत र पूँजीगत खर्च ४९.४३ प्रतिशत गरी समग्रमा ६५.५६ प्रतिशत प्रगति हासिल भएको छ ।

२. आर्थिक बर्ष २०८२/८३ को संघ सशर्त अनुदान चालु तर्फ रू २६ करोड ४५ लाख ८० हजार अनुमान गरिएकोमा चालु आ.व. को जेठ मसान्तसम्ममा रु २६ करोड ४२ लाख ८० हजार आम्दानी प्राप्त भएको छ । त्यसैगरी संघीय सरकार सशर्त अनुदान पुँजीगत तर्फ रु १ करोड ८१ लाख अनुमान गरिएकोमा रु १ करोड ८१ लाख नै आम्दानी प्राप्त भएको छ ।

३. संघीय सरकार समानीकरण अनुदान शीर्षकमा रु ११ करोड २४ लाख मध्ये रु १० करोड २७ लाख ८९ हजार ८ सय रुपैया आम्दानी प्राप्त भएको छ ।

४. संघीय सरकारबाट आ.ब. २०८२/८३ मा समपुरक अनुदानतर्फ ८१ करोड अनुमान गरिएकोमा ४९ लाख ६७ हजार ३ सय रुपैया आम्दानी प्राप्त भएको छ।

५. संघीय सरकारबाट राजश्व बाँडफाँडमार्फत १२ करोड १८ लाख ७५ हजार ६८ रुपैया अनुमान गरिएकोमा रु. १० करोड ३० लाख ४७ हजार ७ सय ९७ रुपैंया आम्दानी प्राप्त भएको छ ।

६. सघीय सरकारबाट प्राप्त हुने विशेष अनुदान रु ५३ लाख रुपैया अनुमान गरिएकोमा जेठ समान्तसम्ममा कुनै पनी रकम प्राप्त भएको छैन।

७. प्रदेश सरकारको समानीकरण अनुदानतर्फ रु. १ करोड २६ लाख ५९ हजार अनुमान गरिएकोमा १ करोड २६ लाख ५८ हजार नै आम्दानी प्राप्त भएको छ।

८. प्रदेश सरकारबाट राजश्व बाँडफाँड वापत रु १ करोड १२ लाख ४४ हजार अनुमान गरिएकोमा रु.९१ लाख ०३ हजार ८ सय ५८ रुपैया आम्दानी प्राप्त भएको छ ।

९. त्यसैगरी आ.व. २०८१/८२ को हालसम्ममा प्रदेश सरकारबाट समपुरक अनुदान तर्फ रु ६० लाख मध्ये रु १९ लाख ८१ हजार ३ सय ४७ रुपैया आम्दानी प्राप्त भएको छ भने विशेष अनुदान तर्फ रु ४० लाख मध्ये रु १४ लाख ७ हजार ३ सय १९ रुपैया मात्र आम्दानी प्राप्त भएको छ ।

१०. संघीय सरकार र प्रदेश सरकारबाट हस्तान्तरण हुने वित्तीय समानीकरण अनुदान र राजश्व बाँडफाँट बाट प्राप्त हुने रकम सबै प्राप्त नहुने र आन्तरिक राजश्व लक्ष्य बमोजिम नहुँदा स्रोतमा चाप पर्न जाने देखिन्छ ।

श्रद्धेय सभाध्यक्षज्यू,

गाउँ सभा सदस्यज्यूहरु,

**अब म आर्थिक बर्ष २०८२/८३ को क्षेत्रगत बजेट तथा यथार्थ खर्च विवरण पेश गर्न चाहन्छु।**

## आर्थिक विकास क्षेत्र :

आर्थिक विकास क्षेत्र अन्तर्गत कृषि, पर्यटन, सहकारी, जलश्रोत, पशुपन्छी विकास र भुमि व्यवस्थाका क्षेत्रमा आर्थिक बर्ष २०८२/८३ मा रु. ३ करोड ७० लाख ९४ हजार विनियोजन गरिएकोमा हालसम्म रु. १ करोड ३९ लाख १६ हजार १ सय २७ रुपैया अर्थात विनियोजित रकमको ३७.५२ प्रतिशत खर्च भएको छ।

## पुर्वाधार विकास क्षेत्रः

पुर्वाधार विकास क्षेत्र अन्तर्गतका उपक्षेत्रहरु. सडक पूर्वाधार, भवन तथा सहरी विकास, उर्जा, विज्ञान तथा प्रविधिमा आर्थिक वर्ष २०८२/८३ मा रु. १६ करोड ५९ लाख बाइस हजार विनियोजन गरिएकोमा जेठ मसान्तसम्ममा रु. ८ करोड ९५ लाख ३४ हजार ३ सय २४ रुपैंया अर्थात विनियोजित बजेटको ५३.९६ प्रतिशत खर्च भएको छ ।

## सामाजिक विकास तर्फः

सामाजिक विकास क्षेत्र अन्तर्गतका विषयहरु जस्तै सामाजिक सुरक्षा तथा संरक्षण, शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, लैंगिक समानता तथा सामाजिक समावेशीकरण, भाषा तथा संस्कृति, युवा तथा खेलकुदमा आर्थिक वर्ष २०८२/८३ का लागि रु. २८ करोड ३६ लाख ९४ हजार विनियोजन गरिएकोमा जेठ मसान्तसम्ममा रु. २२ करोड ९५ लाख ९४ हजार ५ सय ६१ रुपैंया अर्थात विनियोजित बजेटको ८०.९३ प्रतिशत खर्च भएको छ ।

## सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र:

आर्थिक वर्ष २०८२/८३ मा सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा रु १ करोड २४ लाख ८० हजार विनियोजन गरिएकोमा जेठ मसान्तसम्ममा रु. ३९ लाख ३३ हजार तेह्र रुपैया अर्थात ३१.५१ प्रतिशत खर्च भएको छ ।

## कार्यालय सञ्चालन तथा प्रशासनिक क्षेत्र

आर्थिक वर्ष २०८२/८३ मा कार्यालय संचालन तथा प्रशासनिक क्षेत्रमा रु. १८ करोड ५७ लाख ८१ हजार विनियोजन गरिएकोमा जेठ मसान्तसम्मा रु.११ करोड २१ लाख, ५० हजार ९ सय ८८ रुपैंया अर्थात ६०.८३ प्रतिशत खर्च भएको छ।

श्रद्धेय सभाध्यक्षज्यू,

गाउँ सभा सदस्यज्यूहरु,

अब म चालु आर्थिक वर्ष २०८३।८४ को क्षेत्रगत नीति तथा कार्यक्रमको लागी विनियोजित बजेट प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

## सामाजिक विकास

### शिक्षा, युवा तथा खेलकुद

१. बालविकास सहजकर्ता र विद्यालय कर्मचारीहरु तथा सामुदायिक सिकाइ केन्द्रका परीचालकहरुको सुविधालाई कम्तिमा न्यूनतम पारिश्रमिकमा नघटने गरी व्यवस्थापन गर्नका लागि रु. १ करोड ३२ लाख विनियोजन गरेको छु ।

२. गाउँपालिका भित्रका विद्यालयहरुको गुणस्तर सुधार गर्दै शैक्षिक कार्यक्रमहरुलाई व्यवस्थित र योजनाबद्ध बनाउनका लागि पालिकाले निर्माण गरेको गाउँ शिक्षा योजनालाई अद्यावधिक गरी प्रभावकारी रुपमा कार्यान्वयमा ल्याउने व्यवस्था गरेको छु ।

३.	महिला शिक्षक तथा कर्मचारीले पाउने ९८ दिन प्रसुती बिदा अवधिभर निजको सट्टा अर्को सट्टा शिक्षक तथा कर्मचरी राख्ने व्यवस्था गरी विद्यालयको शिक्षण सिकाइलाई निरन्तरता प्रदान गरेको छु।

४.	बालबालिकालाई विद्यालयमा टिकाइ राख्न तथा शैक्षिक गुणस्तरमा सुधार ल्याउनका लागि संघीय सरकारले प्रदान गरेको प्रारम्भिक बालबिकास देखि कक्षा ५ सम्मको दिवा खाजा कार्यक्रमलाई बढाएर कक्षा ६ देखि १२ सम्मका विद्यार्थीलाई दिवा खाजाको व्यवस्थापनका लागि ६० लाख बिनियोजन गरेको छु ।

५.	भिडाबारी प्राविधिक शिक्षालयमा अध्ययन गर्ने पालिका भित्रका स्थानीय विद्यार्थीहरुलाई प्रति वडा बढीमा २ जना विद्यार्थीका दरले प्रदान गर्दै आएको प्राविधिक शिक्षा छात्रवृत्तिलाई निरन्तरता दिएको छु ।

६.	गाउँपालिका भित्र रहेको एकमात्र विद्यालय शिक्षा परीक्षा (SEE) केन्द्र लाई थप व्यवस्थित गर्नका लागि आवश्यक बजेट विनियोजन गरेकोछु ।

७.	विद्यार्थीहरुमा असल चरित्र, नैतिकता, अनुशासन, राष्ट्रप्रेमको भावनाको विकास गरी प्राकृतिक सम्पदा तथा जैविक विविधताको संरक्षण, संबर्द्धन तर्फ उत्प्रेरित, जिम्मेवार र कर्तव्यनिष्ट नागरिक बनाउनका लागि खुसी पाठ्यक्रम कार्यान्वयनको आधार निर्माण गर्नका लागि बजेट व्यवस्थापन गरेको छु ।

८.	**"अध्यक्ष कपःखेलकुदको हब"** भन्ने नाराका साथ गाउपालिका स्तरीय अध्यक्ष कप, राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता सञ्चालन गर्नुको साथै वडा स्तरीय खेलकुद प्रतियोगिता सञ्चालन गरिनेछ। यसको लागी २८ लाख ५० हजार रुपैया विनियोजन गरेको छु।

शिक्षा, युवा तथा खेलकुदसँग सम्बन्धित योजना तथा कार्यक्रम तर्फ जम्मा रु.२ करोड ३४ लाख ७० हजार बजेट विनियोजन गरेकी छु।

## स्वास्थ्य, आरोग्यता

९. यस गाउँपालिका अन्तर्गत रहेको स्वास्थ्य प्रबर्द्धन केन्द्र लाहाचोकमा नागरिकलाई स्वास्थ्य सेवा अभिवृद्धि गर्न प्रदेश विशेष कार्यक्रम कार्यान्वयन गरी आवश्यक उपकरण खरिद गर्न रु ३० लाख विनियोजन गरेको छु ।

१०. विगत ३ वर्ष देखि संचालित कार्यक्रमलाई निरन्तरता गर्न गर्भावस्थादेखि नै नियमित जाँच, सुरक्षित प्रसूति, जोखिम व्यवस्थापन र पोषण कार्यक्रम सञ्चालन गर्न रु. ४ लाख विनियोजन गरेको छु ।

११. माछापुच्छ्रे गाउँपालिकाले बढ्दो पाठेघर मुख तथा स्तन क्यान्सर नियन्त्रणका लागि विगत २ वर्षदेखि HPV परीक्षणमार्फत ३२ जनाको निःशुल्क उपचार गराउँदै आएकोमा आगामी दिनमा समेत घर-घरमै परीक्षण तथा स्क्रिनिङ विस्तार गर्न रु. ६ लाख विनियोजन गरेको छु।

१२. विद्यार्थीको सिकाइ प्रभावकारी बनाउन विद्यालय तहमा देखिने श्रवण, दृष्टि, बोलाइ तथा अन्य स्वास्थ्य समस्याहरू समयमै पहिचान गरी उपचारमा ल्याउन विद्यालय स्वास्थ्य परीक्षण र नर्सिङ कार्यक्रम सञ्चालन गर्न आवश्यक वजेट विनियोजन गरेको छु।

१३. माछापुच्छ्रे गाउँपालिकाका स्वास्थ्य संस्थामार्फत निःशुल्क वितरण हुने औषधि सर्वसाधारणलाई अभाव हुन नदिन औषधि खरिद तथा वितरणका लागि रु. १७ लाख विनियोजन गरेको छु।

१४. माछापुच्छ्रे गाउँपालिकाका १४ स्वास्थ्य संस्थामा न्यूनतम स्रोत साधन र औजार-उपकरणको व्यवस्था गरी स्वास्थ्य सेवाको गुणस्तर सुधार गर्न आवश्यक वजेट विनियोजन गरेको छु।

१५. प्रयोगशालाको सेवा गुणस्तरीय र प्रभावकारी बनाउन स्वास्थ्य प्रवर्द्धन केन्द्र लाहाचोक र भेडाबारी प्राथमिक स्वास्थ्य केन्द्रका लागि ल्याब सामग्री, औजार-उपकरण तथा रियाजेन्ट खरिद गर्न रु २ लाख विनियोजन गरेको छु ।

१६. स्वास्थ्य क्षेत्रका आधारशिला र समुदाय स्वास्थ्यका मेरुदण्डका रूपमा रहेका महिला स्वास्थ्य स्वयंसेविकाहरूको कार्यको उच्च मूल्याङ्कन गर्दै तिज भेटघाट, सम्मान,

दिवस, जीवन बीमा, नेतृत्व विकास तालिम सञ्चालन गर्न रु. १२ लाख ४६ हजार विनियोजन गरेको छु ।

१७. विभिन्न दातृ निकाय तथा गैरसरकारी संघसंस्थासँगको सहकार्यमा समुदायमा विशेषज्ञ सेवासहित स्वास्थ्य शिविर सञ्चालन गर्न रु. ५ लाख विनियोजन गरेको छु ।

१८. स्वास्थ्य संस्थाहरूको भौतिक पूर्वाधार मर्मत तथा आवश्यक व्यवस्थापनका लागि रु. ७ लाख विनियोजन गरेको छु ।

समग्र स्वास्थ्य र आरोग्यता सम्बन्धी नीति तथा कार्यक्रम कार्यान्वयन गर्न रु ६ करोड ८६ लाख ८६ हजार विनियोजन गरेको छु।

## लैगिक तथा सामाजिक समावेशीकरण र लक्षित बर्ग

१९. गाउँपालिकाका स्थायी बसोबास भएका नागरिकबाट जन्मेका नवजात बालिकाको सुनौलो भविष्यको सुनिश्चित गर्न उनिहरुको नाममा बैंक खाता खोल्ने कार्यक्रमका लागि रु ४ लाख विनियोजन गरेको छु ।

२०. स्थानीय तहका नीति निर्माण योजना तर्जुमा तथा निर्णय प्रक्रियामा महिला बालाबालिका जेष्ठ नागरिक अपाङ्गता भएका व्यक्ति दलित जनजाति तथा सिमान्तकृत समुदायको अर्थपुर्ण सहभागीता सुनिश्चित गर्नको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

२१. महिलाहरुलाई आत्मनिर्भर बनाउनको लागि उद्यमशिलताको विकास गर्न सीप विकासको माध्यमबाट स्वरोजगारतर्फ उन्मुख गराउन उपाध्यक्षसँग महिला तथा बालबालिका कार्यक्रमको लागि रु ९ लाख विनियोजन गरेको छु ।

२२. आर्थिक अभावका कारण उच्च शिक्षाबाट बन्चितमा विद्यार्थीहरुलाई छात्रवृत्ति तथा आवश्यक सहयोग उपलब्ध गराई उच्च शिक्षामा पहुँच अभिवृद्धि गर्न रु ३ लाख रुपैयाँ बजेट विनियोजन गरेको छु ।

२३. अपाङ्गता भएका व्यक्ति, जनजाति एवम् दलित तथा विपन्न युवाहरुलाई सीप विकास र आयआर्जनमुलक कार्यक्रम मार्फत स्वरोजगारमा जोड्न माग र आवश्यकताको आधारमा कार्यक्रमका लागी आवश्यक बजेट विनियोजन गरेको छु ।

२४. बालविवाह छुवाछुत लैङ्गिक विभेद सामाजिक कुरीति तथा बालहिंसा जस्ता सामाजिक विकृतिहरु हटाउन विशेष सचेतनामूलक कार्यक्रम सन्चालन गर्नको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

२५. जेष्ठ नागरिकहरुको सम्मान र सुरक्षाको लागि दिवा मनोरन्जन स्थलहरुको निर्माण गरिएको वडाहरुमा व्यवस्थापन र संचालन तथा अन्य वडाहरुमा थप निर्माण कार्य गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।

२६. अभिभावक विहिन बालबालिका तथा जोखिममा रहेका बालबालिकाको उद्दार संरक्षण एवम् व्यवस्थापन गर्न गाउँपालिकामा बालकोषको लागी रु १ लाख बजेट विनियोजन गरेको छु ।

२७. लक्षित वर्गसँग सम्वन्धित विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय दिवसहरु मनाउन आवश्यक रकमको व्यवस्था गरेको छु ।

समग्र लैगिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी नीति र कार्यक्रम कार्यान्वयन गर्न रु ७७ लाख ४० हजार विनियोजन गरेको छु।

## पूर्वाधार विकास

### सडक तथा भवन

२८. गाउँपालिकाको रणनीतिक सडक अन्तर्गत कोलचोक - रातोपानीपुल -भलावोट - पानपातेचौतारा- गाउँपालिका केन्द्र(लाहाचोक) - जोगिचौर -पातिखोला - भिडाबारी(एन्फा टेक्निकल सेन्टर) -गैरागाउँ - धिताल - धम्पुस देउराली सडक देउराली सम्मको सडक स्तरोन्नतिका लागि संघ सरकारको समपुरक १ करोड ७० लाख सहित कुल रु ४ करोड लागतमा योजना कार्यान्वयन गर्ने गरी बजेट विनियोजन गरको छु ।

२९. यस पालिकाको एक मात्र प्राकृतिक तातोपानी कुण्ड पुग्ने प्रसिद्ध सडक अन्तर्गत वडा नं २ स्वास्थ्य भवन देखि -चौरा-तातोपानी-भराभरी सडकको स्तरोन्नती संघ सरकारको रु. ६० लाख समपुरक गरी कुल लागत रु १ करोड २० लागतमा योजना कार्यान्वयन गर्ने गरी बजेट विनियोजन गरको छु ।

३०. यस गाउँपालिकाको पर्यटन क्षेत्र खुमै पदमार्गको प्रस्थान सडक अन्तर्गत शारदा चोक-घामतारा-सरिपाखा सडकको स्तरोन्नती गर्न प्रदेश सरकारको रु. ६० लाख समपुरक हुने गरी कुल लागत रु. १ करोड २० लागतमा योजना कार्यान्वयन गर्ने गरी बजेट विनियोजन गरेको छु ।

३१. माछापुच्छ्रे गाउँपालिका भित्र स्थानीय जनतको साँझेदारीमार्फत नागरिकको स्वामित्व र अपनत्व अभिवृद्धि गरी **"माछापुच्छ्रेको तागत जनाताको लागत"** नारालाई मूर्त रूप दिन लागत साझेदारी कार्यक्रमको लागी रु. ९० लाख विनियोजन गरेको छु।

३२. माछापुच्छ्रे गाउँपालिका भित्र बाह्रै महिना यातायात सेवा संचालन गरी आवागमनमा सहजता प्रदान गर्ने सडक मर्मत संभार अन्तर्गत रु.३० लाख वजेट विनियोजन गरेको छु ।

३३. गाउँपालिकाको गौरव सडक अन्तर्गत भिडावारी-नुवाँगाउँ-सादीको डिल तथा मुलपानी-झाँग्रे-ढाडा मोटरबाटो स्तरोन्नति गरी समग्र यातायात सहजता अभिवृद्धि गर्ने उद्देश्यले रु. ४० लाख विनियोजन गरेको छु ।

३४. माछापुच्छ्रे गाउँपालिकाको सीमित स्रोत साधनका वावजुद हुँदाहुँदै पनि पूर्वाधार विकासका आवश्यकताहरू पूरा गर्न माछापुच्छ्रे गाउँपालिकाले अन्य निकायसँग सहकार्यमा पूर्वाधार निर्माणको कार्य गर्न अन्य संघ संस्था साझेदारी शीर्षकमा रकम रु. ३० लाख विनियोजन गरेको छु।

## सिंचाई, खानेपानी तथा सरसफाई

३५. संघीय विशेष योजना अन्तर्गत सार्दीखोला खानेपानी योजनालाई निरन्तरता गरी अधुरो कार्य सम्पन्न गर्न रु १ करोड १७ लाख विनियोजन गरेको छु ।

३६. स्थानीय बासिन्दालाई सहज र सुरक्षित खानेपानी सेवा उपलब्ध गराउने उद्देश्यले खानेपानी प्रणालीको मर्मत-सम्भारका लागि रु.१५ लाख रुपैयाँ विनियोजन गरेको छु।

३७. कृषकहरूलाई सहज र भरपर्दो सिंचाई सुविधा उपलब्ध गराउने उद्देश्यले सिंचाई कुलोको मर्मत-सम्भारका लागि रु. १० लाख विनियोजन गरेको छु।

समग्र यातायात पूर्वाधार, भवन निर्माण आवास तथा सहरी विकास र सम्पदा पूर्वाधारको लागी रु १५ करोड ९५ लाख ९२ हजार विनियोजन गरेको छु।

## आर्थिक विकास

### कृषि सेवा

३८. कृषकको वास्तविक आवश्यकतालाइ प्राथमिकता दिई कृषि क्षेत्रको आधुनिकीकरण, यान्त्रिकरण, व्यवसायीकरण गर्नको लागि कृषकको माग र आवश्यकतामा आधारित कार्यक्रममा रु १५ लाख बजेट विनियोजन गरेको छु।

३९. मौरीपालन व्यवसायलाई थप व्यावसायिक रूपमा विस्तार गर्न मौरी पकेट क्षेत्र विकास गर्न रु १२ लाख बजेट विनियोजन गरेको छु।

४०. कृषि क्षेत्रमा वर्षभरि सिँचाइ सुविधाको सहज उपलब्धता सुनिश्चित गर्न साना सिँचाई पुर्वाधार निर्माण कार्यक्रममा रु १० लाख बजेट विनियोजन गरेको छु।

४१. गाउँपालिका भित्र उत्पादन हुने कृषि उपजलाई एकीकृत रूपमा संकलन, बिक्री तथा निकासी गर्ने व्यवस्थाका लागि कृषि उत्पादन संकलन केन्द्र स्थापना गर्न रु. ५ लाख बजेट विनियोजन गरेको छु।

४२. मानव स्वास्थ्य, वातावरण तथा माटोको उर्वराशक्ति संरक्षणका लागि विषादी न्युनीकरण कार्यक्रम संचालनको लागी रु २ लाख बजेट विनियोजन गरेको छु।

४३. माटो, बीउ, रोग तथा कीराको परीक्षण एवं निदान सेवा गाउपालिकामामै उपलब्ध गराउने उद्देश्यले रु ४ लाख कृषि प्रयोगशाला स्थापनामा बजेट विनियोजन गरेको छु।

४४. कृषि क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याउने कृषक, कृषक समूह तथा सहकारी लाई सम्मान तथा प्रोत्साहन गर्न उत्कृष्ट कृषक पुरस्कार कार्यक्रम अन्तर्गत रु. २ लाख बजेट विनियोजन गरेको छु।

४५. गाउँपालिकामा उन्नत जातका बीउ प्रवर्द्धन, फलफूल खेती विस्तार, निर्यातजन्य कृषि बाली, जलवायुमैत्री कृषि तथा रैथाने बाली संरक्षण र प्रवर्द्धनका लागि आवश्यक बजेट छुट्याएको छु।

## पशु सेवा

४६. पशुपन्छीमा लाग्ने विभिन्न आन्तरिक तथा बाह्य परजिवीहरुको रोकथाम, उपचार तथा नियन्त्रण गर्न आवश्यक औषधी खरिदका लागी रू २० लाख विनियोजन गरेको छु।

४७. व्यबसायिक फर्महरुको लागी आवश्यक जैविक सुरक्षा सम्बन्धी कार्यक्रम सञ्चालनका लागी रु ३ लाख ५० हजार विनियोजन गरेको छु।

४८. छाडा कुकुर नियन्त्रण तथा बन्ध्याकरण शिविर सञ्चालनका लागी ३ लाख विनियोजन गरेको छु।

४९. गाउँपालिका भित्रका मतस्य व्यवसायलाई प्रबर्द्धन गर्न माछाको भुरा ढुवानीमा सहयोगका लागी आवश्यक बजेट विनियोजन गरेको छु।

५०. पशुमा रहेको बाँझोपन निवारणका लागी बाझोपन समस्याको कारण उत्पादन विहिन पशुहरुलाई उपचार गरी पुनः उत्पादनशील बनाउन पशुमा बाँझोपन निवारण शिविर सञ्चालनका लागी रु ४ लाख बजेट ब्यवस्था गरेको छु।

५१. पशु नश्ल सुधारका लागी आवश्यक तरल नाईट्रोजन ग्यास, सिथ ,ग्लोभ खरिद तथा ढुवानी मार्फत पशु व्यवसाय र पशुपालनमा सहजीकरण गर्न आवश्यक रकम विनियोजन गरेको छु।

५२. पशुपंक्षी प्रयोगशाला स्तरोन्नतीका लागी रु ३ लाख विनियोजन गरेको छु।

५३. गाई भैंसीमा लाग्ने थुनेलो रोग परिक्षण, उपचार तथा रोकथामका लागी रु ३ लाख विनियोजन गरेको छु।

५४. पशुमा उत्पादन लागत घटाउने उद्धेश्यका साथ हिउँदे तथा बर्षे घाँसको बिउ/बेर्ना वितरणका लागी रु ५ लाख विनियोजन गरेको छु।

## पर्यटन तथा संस्कृति

५५. पर्यटकीय स्थलमा पर्यटकीय सूचक चिन्हहरुमार्फत पर्यटकलाई पर्यटन गन्तव्य लगायतको सुचना प्रदान गर्न र तत्काल राहात, उद्धार र पुनस्थापनाका लागी आवश्यक वजेट विनियोजन गरेको छु ।

५६. पर्यटन आपतकालीन खोज तथा उद्धार जनशक्ति उत्पादनको लागि रु ३ लाख वजेट विनियोजन गरेको छु ।

५७. पर्यटकीय गन्तव्यहरुमा सहज आवागमन र पर्यटन पदमार्ग सर्किटहरु विकासको आधार तयार गर्न मिर्सा रुम्झा-करुवा-देउराली पर्यटन पदमार्ग, आले-लक्का पदमार्ग, च्याङलुङ-नम्सुडाँडा पर्यटन पदमार्ग, लोमान्याङ्ग मन्दिर पदमार्ग, जामुने भार्ने पोखरी पर्यटन पदमार्ग, विश्वकर्मा पर्यटन पदमार्ग, रोक्का निम्जा पर्यटन पदमार्ग निर्माणको को लागि आवश्यक वजेट विनियोजन गरेको छु ।

५८. गुरुङ्ग जातिको कला सस्कृति, भेषभुषाको संरक्षण र संबर्द्धन गर्न अबको सन्ततिलाई पूर्खाको रहनसहन र ज्ञान हस्तान्तरण गर्न घलेल गुरुङ्ग संङ्ग्रालय निर्माणको लागी आवश्यक बजेट विनियोजन गरेको छु।

५९. वडा नं. १ स्थित पिपर कोर्चा, खुमाई लगायतको क्षेत्र समेटेर घोषणा गरिएको **pipar peasant conservation landscape** को प्रचारप्रसार र प्रबर्द्धन गर्न मुनाल कप प्रतियोगिताका लागी रु ५ लाख बजेट विनियोजन गरेको छु।

## सहकारी

६०. सहकारी संस्थाको सुशासन प्रबर्द्धन, नेतृत्व विकासमार्फत सरकारी अभियानलाई सफल बनाउन सहकारी नेतृत्व विकास तालिम, अनुगमन तथा सुपरीवेक्षण तथा सहकारी तथा गरिबी सम्बन्धि व्यवस्थापन सूचना प्रणाली (COPOMIS) तालिमका लागी आवश्यक रकम रु ४ लाख विनियोजन गरेको छु ।

## उद्योग, श्रम तथा रोजगार

६१. स्थानीय नागरिकहरुलाई तालिम, क्षमता विकास तथा प्रविधि हस्तान्तरण मार्फत स्वरोजगार प्रबर्द्धन र आयआर्जनमा अभिवृद्धि गर्ने हेतुले नयाँ लघु उद्यमी सृजना गर्न रु. १५ लाख रुपैयाँ विनियोजन गरेकी छु।

समग्र कृषि विकास, औधोगिक पुर्वाधार, पर्यटन र सस्कृति प्रबर्द्धन पशुपन्छी विकास लगायतको आर्थिक विकासको लागी रु ३ करोड १४ लाख ९३ हजार विनियोजन गरेको छु।

## सुशासन र सेवा प्रवाह

६२. न्यायिक समितिका सम्मेलन, कानूनी साक्षरता तालिम, टोलटोलमा न्यायिक समिति, नि:शुल्क कानुनी सेवा, विद्यार्थीसँग न्यायिक समिति, मेलमिलाप पुनर्ताजगी तथा स्तरोन्नती अनुगमन तथा व्यवस्थापन, कानूनी सचेतना, प्रदेश सरकारसँगको साझेदारीमा कानूनी सहजकर्ता व्यवस्थापन तथा कानूनी परामर्श लगायत न्यायिक सुशासनको लागि रु २० लाख ५० हजार बजेट विनियोजन गरेको छु।

६३. सामाजिक सुरक्षा भत्ता वितरण र सहजीकरण, घुम्ती शिविर सञ्चालन तथा बजार अनुगमनको लागि आवश्यक बजेट विनियोजन गरेकी छु ।

६४. गाउँपालिकालाई सूचना प्रविधि मैत्री बनाई सेवा प्रवाह सरल तथा पारदर्शी बनाउन अनलाईन प्रणालीमार्फत कार्य सम्पादन गर्न, सफ्टवेयर इन्टरनेट जडान तथा नवीकरण गर्न, वायोमेट्रिक डिभाइस व्यवस्थापन गर्न, सिसि क्यामेरा मर्मत तथा विस्तार लगायतको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

६५. जवाफदेहिता र उत्तरदायित्वको प्रबर्द्धन मार्फत गाउँपालिकामा सुशासन प्रबर्द्धन लागि **LGPAS**, सार्वजनिक सुनुवाई, सामाजिक तथा सार्वजनिक परीक्षण, ग्राहक सन्तुष्टि सर्वेक्षण लगायतको लागी रु ८ लाख बजेट विनियोजन गरेको छु।

६६. नेपाल सरकारले आर्थिक वर्ष २०८३/८४ को बजेट मार्फत राष्ट्रसेवक कर्मचारी तथा शिक्षकको तलब भत्तामा गरेको वृद्धि बमोजिम नै हुने गरी यस गाउँपालिका वा अन्तर्गत राष्ट्रसेवकको समेत तलब भत्ता वृद्धि हुने व्यवस्था मिलाएको छु। करार सेवामा कार्यरत राष्ट्रसेवकको मनोबल उच्च गराई काममा थप दक्षता ल्याउन खाईपाई आएको पारिश्रमिक सुविधामा २०८३ साउन १ गतेदेखि लागू हुने गरी १० प्रतिशत सेवा सुविधा थप हुने व्यवस्था गरेको छु।

## गैर सरकारी संस्था

६७. गाउँपालिकाभित्र क्रियाशील गैर सरकारी संस्थाहरूसँगको लगानी साझेदारीमा आधारित कार्यक्रमका सञ्चालनका लागि रु. ३० लाख विनियोजन गरेको छु।

## वन, वातावरण तथा विपद् व्यवस्थापन

६८. विपद् व्यवस्थापन कोषमा कम्तिमा रु. ६० लाख कायम हुने गरी बजेट विनियोजन गरेको छु ।

६९. गाउ कार्यपालिकाको कार्यालय र अन्तर्गतका निकाय र सूरक्षा निकायलाई सहजीकरण गर्न विपद् व्यवस्थापन तालिम तथा सामाग्री खरिद तथा जडानको लागि रु. ५ लाख बजेट विनियोजन गरेको छु ।

७०. मर्दी सेती लगायतका नदि/खोलानालाको कटान र भु-क्षय नियन्त्रण गर्न खोलानाला तटबन्धन तथा बाध निर्माणका लागि रु. १५ लाख रकम छुट्याएको छु ।

७१. स्वच्छ र पर्यावरणीय माछापुच्छ्रेलाई दिगो व्यवस्थापनको आधारको रुपमा व्यवस्थापन गर्न फोहोरमैला व्यवस्थापन तथा ल्याण्डफिल्ड साईटको पूर्वाधार निर्माण सुरु गर्नको लागि रु. २० लाख विनियोजन गरेको छु ।

७२. नवनिर्मित प्रशासकीय भवनमा वृक्षारोपण मार्फत सौन्दयीकरण अभिवृद्धि गर्न रु.२ लाख वजेट विनियोजन गरेको छु ।

७३. संघ र प्रदेश सरकारको विपद् प्रतिकार्य नीति र योजनासँग सामाञ्जस्यता कायम गर्दै स्थानीय तहको विपद् प्रतिकार्य योजना निर्माण र तालिमको लागी रकम रु ६ लाख बजेट विनियोजन गरेको छु।

समग्र सुशासन र सेवा प्रवाह लागी रु ४ करोड ६० लाख ६० हजार विनियोजन गरेको छु।

**श्रद्धेय सभाध्यक्षज्यू,**

**सभाका सदस्यज्यूहरु,**

अब म  उल्लेखित क्षेत्रगत नीति तथा कार्यक्रमहरुको कार्यान्वयन लागी बजेट विनियोजन तथा श्रोत व्यवस्थापनको अनुमान प्रस्तुत गर्न चाहन्छु।

७४. आगामी आर्थिक वर्ष २०८३।८४ लागी कुल बजेट रु ७० करोड ४६ लाख ७० हजार विनियोजन गरेको छु। कुल विनियोजनमध्ये चालूतर्फ रु ४८ करोड ७७ लाख २४ हजार अर्थात विनियोजनको ६९.०४ प्रतिशत  र पुजिगततर्फ २१ करोड ६९ लाख ४६ हजार रुपैया अर्थात विनियोजनको ३०.९६ प्रतिशत र वित्तिय व्ययस्थापन तर्फ कुनै दायित्व नरहेको व्यहोरा जानकारी गराउदछु।

७५. आगामि आर्थिक वर्षको लागि अनुमान गरिएको खर्च व्यहोर्ने श्रोतहरुमध्ये आन्तरिक राजस्वबाट रु ४ करोड ६० लाख, नेपाल सरकारको वित्तिय समानीकरण अनुदानबाट रु ११ करोड ३७ लाख, सङ्घीय राजस्व बाँडफाँटबाट १२ करोड १९ लाख, नेपाल सरकारको सशर्त अनुदानबाट रु २८ करोड, समपुरक अनुदानबाट २ करोड ३० लाख, विशेष अनुदानबाट १ करोड १७ लाख र प्रदेश समानीकरण अनुदानबाट रु १ करोड २६ लाख ८५ हजार, समपूरक अनुदानबाट ६० लाख, विशेष  अनुदानबाट ३० लाख गरी बाकी ५ करोड ७६ लाख ३५ हजार घाटा बजेटको रुपमा रहेको छ। उक्त घाटा बजेटलाई आन्तरिक श्रोतको परिचालन, आर्थिक वर्ष २०८२।८३ को वर्षान्तमा हुने बैंक मौज्दात र प्रशासनिक खर्चको वचत तथा आयोजना ठेक्काको घटिघटाउबाट हुने बचत रकमबाट बेहोरिने जानकारी गराउदछु।

७६. गाउँपालिकाले योजना तथा कार्यक्रमहरुको कार्यान्वयन प्रकृया अगाडि बढाउदा त्रैमासिक रुपमा प्राथमिकीकरण गरी तयार गरिएको खरिद योजना र संघीय सरकार प्रदेश सरकारबाट प्राप्त मार्गदर्शन र प्रचलित कानुनको अधिनमा रही मितव्ययी तवरले कार्यान्वयन गरिनेछ।

७७. अब म आर्थिक वर्ष २०८३।८४ विनियोजित रकममध्ये  विषय क्षेत्रगत बजेट विनियोजन प्रस्तुत गर्ने अनुमति चाहन्छु।

७८.

| क सं | क्षेत्र | रकम |
|---|---|---|
| १ | आर्थिक विकास | ३ करोड १४ लाख ९३ हजार |
| २ | सामाजिक विकास | ३३ करोड ९४ लाख ९२ हजार |
| ३ | पूर्वाधार विकास | १५ करोड ९५ लाख ९२ हजार |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | ४ करोड ६० लाख ६० हजार |
| ५ | गाउँपालिका कार्यालय तथा मातहत कार्यालय संचालन तथा व्यवस्थापन | १२ करोड ८० लाख ३३ हजार |
| **जम्मा** | | **७० करोड ४६ लाख ७० हजार** |

**श्रद्धेय सभाध्यक्षज्यू,**
**सभाका सदस्यज्यूहरु,**

आगामी आर्थिक वर्ष २०८३।८४ को राजश्व सम्बन्धी नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहान्छु ।

७९. स्थानीय कर प्रणालीलाई उत्पादन अभिवृद्धि र सामाजिक न्याय प्रबर्द्धन गर्नेतर्फ उन्मुख गरिएको छ।आन्तरिक राजश्वलाई पालिकाको भरपर्दो एवं दिगो वित्तीय स्रोतको रुपमा स्थापित गर्न विभिन्न आम्दानीका श्रोतहरुको पहिचान गर्ने कार्यलाई राजश्व नीतिको प्रमुख उदेश्यको रुपमा लिएको छु।

माथी उल्लेखित उदेश्य हासिल गर्न देहाय अनुसार राजश्व नीति अवलम्बन गरिनेछ।

८०. गाउँ पालिकाभित्र सञ्चालनमा रहेका व्यवसायहरुलाई करको दायरामा ल्याउनका लागि विभिन्न खालका अभिमुखीकरण र जनचेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ।

८१. गाउँपालिकाभित्र रहेका खोला नदिहरुमा भएका प्राकृतिक स्रोतको दोहनलाई नियन्त्रण गर्दै राजस्व चुहावट नियन्त्रण गर्ने नीति लिईनेछ।

८२. गाउँपालिका भित्र सम्पत्ति कर पूर्ण रुपमा कार्यान्वयनमा आइनसकेको अवस्थामा घरधुरी करमा सामान्य वृद्धि गरेको छु।

८३. संघ सरकार, प्रदेश सरकार र स्थानीय सरकारबाट गाउँपालिकाभित्र सञ्चालित आयोजनाहरुले प्राकृतिक स्रोत प्रयोग गरेबापत अनिवार्य शुल्क र रोयल्टी तिर्नुपर्ने नीति लिएको छु।

**श्रद्धेय सभाध्यक्षज्यू,**
**सभाका सदस्यज्यूहरु**

करका दरहरुसमेत उल्लेख भएको आर्थिक विधेयक, २०८३ तथा खर्चलाई व्यवस्थित गर्न बनेको विनियोजन विधेयक, २०८३ समेत यसै सम्मानित सभामा पेश गरेको छु ।

**श्रद्धेय सभाध्यक्षज्यू**
**सभाका सदस्यज्यूहरू,**

आर्थिक वर्ष २०८३/८४ को लागी आय व्यय अनुमान प्रस्तुत गरिरहँदा संघीय तथा प्रदेश सरकारद्धारा प्राप्त मार्गदर्शन तथा ऐन नियमहरुको पूर्णरुपमा पालना गर्दै सिमित स्रोत साधनका बाबजुद आर्थिक वर्ष २०८३/८४ का लागी लिइएका नीति तथा कार्यक्रमहरुसँग तादाम्यता मिलाउने प्रयास गरेको छु ।यद्यपि स्थानीय सरकारप्रति नागरिकमा रहेका असिमित चाहाना र आकाँक्षा हुनु स्वभाविक रहेतापनि बजेटमार्फत सबै आवश्यकता र चाहानालाई सम्बोधन गर्न नसकिएको व्यहोरा सवैमा जानकारी गराउन चाहन्छु।

प्रस्तावित बजेट तर्जुमा गर्दा संघीय सरकारबाट प्राप्त बजेट, प्रदेश सरकारबाट प्राप्त बजेट, गाउँपालिकाको आन्तरिक आयलाई आधार मानी गाउँपालिकाका प्राथमिकताका क्षेत्रहरु, नागरिकबाट आवश्यक ठानिएका योजनाहरु, नागरिक समाज, गैरसरकारी संस्थाहरु लगायत सम्पुर्ण महानुभावहरु सबैको अमुल्य सुझावलाई उपलव्ध श्रोत साधनको सीमा भित्र रही समेट्ने प्रयास गरेको छु ।

गाउँपालिकाको स्रोत र क्षमता अनुसार विभिन्न समिति, उपसमितिहरु र गाँउ कार्यपालिकामा व्यापक छलफल गरी बजेटलाई सन्तुलित र दिगो बनाउने प्रयास गरेको छु । गाउँपालिकाको स्रोत साधनले समेट्न नसकेका ठूला योजनाहरु प्रदेश सरकार र केन्द्रीय सरकारको सहकार्यमा संचालन गर्न स्रोतको व्यवस्था गरेको छु । थप योजनाहरु सञ्चालनको लागि प्रदेश सरकार र संघीय सरकारमा पहल गरिने व्यहोरा समेत अनुरोध गर्न चाहन्छु ।

अन्तमा, प्रस्तुत बजेट निर्माण कार्यमा आ–आफ्नो तर्फबाट सहयोग पुर्याउनु हुने सम्पूर्ण जनप्रतिनिधिहरु, राष्ट्रसेवक कर्मचारीहरु, बुद्धिजिवी, राजनैतिक दल, सरकारी तथा गैरसरकारी संघ संस्थाहरु, उद्योगी/व्यवसायीहरु, नागरिक समाज, पत्रकार, उपभोक्ता समितिहरु लगायत सरोकारवाला सम्पूर्णमा हार्दिक आभार व्यक्त गर्न चाहन्छु। बजेट कार्यान्वयनमा सरोकारवाला सबैको साथ सहयोग रहने अपेक्षा गरेको छु। प्रस्तुत बजेट र अनुसूचीमा संलग्न आयोजना तथा कार्यक्रमहरुलाई यस सम्मानित सभाबाट गहन छलफलका साथ रचनात्मक सुझाबको अपेक्षा सहित हार्दिक कृतज्ञता प्रकट गर्दछु।

**धन्यबाद ।**